# राष्ट्रिय प्रतिभा पुरस्कारको परिचय

हरेक राष्ट्रको उत्थान र विकासमा त्यस राष्ट्रका प्रतिभाहरुको ठूलो भूमिका खेलेका हुन्छन् । नेपाली कलाकौशल, संस्कृति, नाट्य-सङ्गीत, भाषा र साहित्यले विश्वमा नेपाल र नेपालीको पहिचान गराउने कार्यमा महत्वपूर्ण योगदान दिएको छ । त्यसैले नेपाली कलाकौशल, संस्कृति, भाषा, साहित्य, पुरातत्व, इतिहास, समाजशास्त्र आदि क्षेत्रहरुको संरक्षण, सम्वर्द्धन र विकास गर्ने कार्यलाई अझ महत्व दिनु आवश्यक छ । राष्ट्रिय जीवनका यी विविध क्षेत्रहरुमा आ-आफ्नो तर्फबाट विशिष्ट योगदान पुऱ्याई रहनु भएका प्रतिभाहरुलाई राष्ट्रिय प्रतिभा पुरस्कारद्वारा सम्मानित गर्न आ.व.२०५१/५१ मा तत्कालीन श्री ५ को सरकारले राष्ट्रिय प्रतिभा पुरस्कारको स्थापना गरी आ.व. २०५१/५२ सम्म राष्ट्रिय प्रतिभा पुरस्कार प्रदान गर्ने जिम्मेवारी शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयलाई दिएको थियो । आ.व. २०५२/२०५३ देखि यस कार्यको अभिभारा यूवा, खेलकूद तथा संस्कृति मन्त्रालयको जिम्मामा पऱ्यो भने २०५१/०१/०६ देखि यो कार्य संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयको कार्यक्षेत्रमा राखियो ।

यस पुरस्कारलाई आ.व. २०५६/५७ देखि मन्त्रिपरिषद्को निर्णयानुसार दिवंगत राष्ट्रिय व्यक्तित्वहरुको नाममा स्थापना गर्ने निर्णय भई विभिन्न ३१ जना स्वर्गीय व्यक्तित्वहरुको नाममा पुरस्कार स्थापना गरिएको थियो ।

विगत वर्षहरुमा वितरण गरिदै आएको राष्ट्रिय प्रतिभा पुरस्कारलाई अझ ओजस्वीपूर्ण गरिमामय र उद्देश्मूलक बनाउनुपर्ने आवश्यकतालाई महसुस गरियो । फलस्वरुप उक्त पुरस्कार छनोट प्रक्रियामा सुधार ल्याउन आवश्यक सुझाव तथा सिफारिस सहितको प्रतिवेदन तत्कालिन श्री ५ को सरकार समक्ष पेश गर्न तत्कालीन श्री ५ को सरकारको मिति २०५८/०३/२१ को निर्णयानुसार डा.टिकाराम पन्थी, डा.मुकुन्दराज अर्याल, श्री हरिहर शर्मा, श्री रमेश खनाल र श्री सूर्यप्रसाद भण्डारी सदस्य रहेको एक कार्यदल गठन गरिएको थियो । उक्त कार्यदलले पेश गरेको प्रतिवेदनमा उल्लेखित मूलभूत सुझाव तथा सिफारिसहरुको आधारमा तत्कालीन श्री ५ को सरकार मन्त्रिपषिद्को मिति २०५९/११/०८ को निर्णयानुसार विद्यमान राष्ट्रिय प्रतिभा पुरस्कार सुधार गरी निम्नानुसारका ४ वटा विधामा रु.१,००,०००।- (एक लाख) राशि दरका ४ वटा पुरस्कार स्थापना गरियो :

| | **मूल विधा** | **क्षेत्र** |
|---|---|---|
| क) | साहित्य | राष्ट्रभाषाहरुको काव्यकविता, आख्यान, निवन्ध, नाटक, समालोचना |
| ख) | नाट्य संगीत | नाट्य, संगीत, नृत्य |
| ग) | संस्कृति | इतिहास, संस्कृति, पुरातत्व, समाजशास्त्र र मानवशास्त्र |
| घ) | ललितकला | चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकला, शिल्पकला |

राष्ट्रिय प्रतिभा पुरस्कार कार्यविधि अनुरुप प्रतिभाहरुको चयन गरी पुरस्कृत गर्न प्रत्येक वर्ष एक छनोट मूल समिति गठन गर्ने व्यवस्था छ ।

राष्ट्रिय प्रतिभा पुरस्कार कार्यविधि, २०६४ बमोजिम प्रत्येक वर्ष राष्ट्रिय तथा क्षेत्रीय प्रतिभा पुरस्कार प्रदान गरिदै आएकोमा वि.स. २०६८ सालमा पहिलो संशोधन मार्फत सो पुरस्कारमा लाग्ने कर समेत थप गरी पुरस्कार प्रदान गरिने भनिएतापनि सो बमोजिम गर्न नसकिएकोले पुरानै कार्यविधि बमोजिम गत वर्षको पुरस्कार प्रदान गरिएको थियो । यस वर्ष उक्त कार्यविधिमा (दोश्रो संशोधन, २०७०) गरी पुरस्कार प्रदान गर्ने कार्यक्रम रहेको छ । उक्त संशोधित कार्यविधि बमोजिम आ.व. २०६९/७० राष्ट्रिय तथा क्षेत्रिय प्रतिभा पुरस्कार २०७० आषाढ २९ गते प्रदान गरिने पुरस्कारको राष्ट्रिय तथा क्षेत्रीय प्रतिभा पुरस्कारको श्रष्टाहरुले प्राप्त गर्ने राशी नेपाल सरकारको नियमानुसार लाग्ने कर सहित क्रमशः रु.१,००,०००।- र रु.५०,०००।- कायम गरिएको छ ।

# राष्ट्रिय प्रतिभा पुरस्कार कार्यविधि, २०६४
**(दोश्रो संशोधन, २०७०)**

भाषा एवं साहित्य, संस्कृति, नाट्य संङ्गीत तथा ललितकला विधामा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा नेपालमा नेपालको छवी उच्च पार्ने प्रतिभावान् व्यक्तिहरुलाई सम्मान गर्ने प्रतिभा पुरस्कार तथा क्षेत्रिय प्रतिभा पुरस्कार स्थापना गरी देहाय बमोजिमको कार्यविधि अपनाई पुरस्कार प्रदान गर्ने व्यवस्था गर्न यो कार्यविधि बनाएको छ ।

**१. पुरस्कारको वर्गीकरण :**

भाषा एंव साहित्य, संस्कृति, नाट्यसंगीत तथा ललितकला गरी ४ वटा मूल विधा कायम गरी प्रत्येक मूल विधामा एक/एक जना गरी ४ जना प्रतिभावान व्यक्तिलाई राष्ट्रिय प्रतिभा पुरस्कार र पाँचवटै विकास क्षेत्रबाट प्रत्येक विधामा एक/एकजना गरी बीस जना प्रतिभावान व्यक्तिलाई क्षेत्रीय प्रतिभा पुरस्कारबाट सम्मान गरिनेछ । प्रतिभा पुरस्कारका लागि तोकिएको चारवटा मूल विधा र क्षेत्र यसप्रकार छन् :

| | मूल विधा | क्षेत्र |
|---|---|---|
| क) | संस्कृति | इतिहास, संस्कृति, पुरातत्व, समाजशास्त्र/मानवशास्त्र |
| ख) | नाट्य संगीत | नाट्य, संगीत, नृत्य |
| ग) | ललितकला | चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकला, शिल्पकला |
| घ) | भाषा र साहित्य | राष्ट्रभाषाहरुको काव्यकविता, आख्यान, निबन्ध, नाटक, समालोचना |

(उल्लेखित विधा सम्बन्धी व्याख्या **अनुसूची १** मा राखिएको छ ।)

**२. प्रतिभा छनौटका आधार तथा विधिहरु :**

२.१ राष्ट्रिय प्रतिभा पुरस्कार प्राप्त गर्ने व्यक्तिले कम्तीमा १५ वर्ष र क्षेत्रीय प्रतिभा पुरस्कार प्राप्त गर्ने व्यक्तिले कम्तीमा १० वर्ष अनवरत रुपमा सम्बन्धित मूल विधाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको हुनुपर्नेछ । कुनै विधामा उदाहरणीय एवं अतुलनीय कार्य गरी राष्ट्रको गौरवलाई समुन्नत तुल्याउने कार्य गरेको व्यक्तिलाई सम्बन्धित मूल विधाको प्रतिभा छनौट समितिले पुष्ट्याइका साथ छनौट लागि सिफारिस गर्न सक्नेछ ।

२.२ राष्ट्रिय प्रतिभा पुरस्कार तथा क्षेत्रीय प्रतिभा पुरस्कारको राशी नेपाल सरकारको नियमानुसार लाग्ने कर सहित क्रमशः रु. १,००,०००।- (एकलाख) र रु. ५०,०००।- (पचास हजार) कायम गरिएको छ ।

२.३ पुरस्कारका लागि छनौट भएका प्रतिभालाई ताम्रपत्र समेतबाट सम्मान गरिनेछ ।

२.४ आवेदकले पुरस्कारको लागि आवेदन गर्न चाहेको विधाको कृति वा कला वा योगदानको उत्कृष्टता देखिने विवरणहरु पेश गर्नुपर्नेछ ।

२.५ पुरस्कार प्राप्त प्रतिभाहरुको व्यक्तिगत विवरण मन्त्रालय वा सम्बद्ध प्रतिष्ठानहरुबाट प्रकाशित हुने पुस्तिकामा समावेश गरिनेछ ।

२.६ प्रतिभाहरुको छनौट गर्दा नेपालका विभिन्न भागमा बसेर आफ्नो साधना र मौलिक सृजनाको माध्यमबाट स्थानीय, क्षेत्रीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरसम्म सम्बन्धित क्षेत्रमा योगदान पुऱ्याउन सफल भएका र ओझेलमा परेका प्रतिभाहरुलाई प्रोत्साहन हुने गरी प्रतिभा छनौट गरिने छ । साथै प्रतिभाहरुको छनौट गर्दा समाबेशीतालाई समेत

ख्याल गरिनेछ । पिछडिएको क्षेत्र, समुदाय वर्ग आदिलाई उच्च प्राथमिकता दिईनेछ । प्रतिभाहरुको छनौट निम्न आधारमा गरिनेछ ।

१. प्रतिभाहरुबाट आवेदन प्राप्त गर्नका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले राष्ट्रिय तथा क्षेत्रीय प्रतिभा पुरस्कार सम्बन्धी ३० (तीस) दिने सार्वजनिक सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिका मार्फत आव्हान गरिनेछ र सो सूचना यस मन्त्रालयको वेभसाइट र सूचना पार्टीमा समेत राखिनेछ । राष्ट्रिय तथा क्षेत्रीय प्रतिभा पुरस्कारको लागि फारामको ढाँचा **अनुसूची २** बमोजिम हुनेछ ।

२. आवेदनकर्ताले पुरस्कारको लागि आवेदन गर्न चाहेको विधा स्पष्टसँग खुलाई तोकिएको ढाँचामा आफ्नो व्यक्तिगत विवरण सहित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको संस्कृति महाशाखामा आवेदन पेश गर्नुपर्नेछ ।

३. रीतपूर्वक दर्ता भएका भाषा, साहित्य, संस्कृति, नाट्य, संङ्गीत, ललितकलासँग सम्बन्धित संस्थाहरुले आ-आफ्नो विधामा उपयुक्त लागेको श्रष्टाहरुलाई राष्ट्रिय तथा क्षेत्रीय प्रतिभा पुरस्कार प्रदान गरिदिनको लागि सिफारिस गर्न सक्नेछन् ।

४. यसरी प्राप्त हुन आएका आवेदनहरुलाई मन्त्रालयको संस्कृति हेर्ने महाशाखाले व्यवस्थित रुपमा अभिलेख राखी सम्बन्धित विधाको प्रतिभा छनौट समितिमा पेश गर्ने व्यवस्था मिलाउनेछ ।

५. सम्बन्धित मूल विधाको प्रतिभा छनौट समितिले प्राप्त आवेदनमा उल्लेखित विवरण, सुचना र अन्य उपयुक्त जानकारी समेतको आधारमा मूल्यांकन गरी पुरस्कार प्रदान गर्नका लागि मूल समितिमा पेश गर्नेछ । सम्बन्धित उप-समितिहरुबाट पुरस्कारका लागि छनौट भै सिफारिस गरिएका प्रतिभाहरुको लागि छनौट मूल समितिले पुरस्कृत गर्ने अन्तिम निर्णय गर्नेछ । यसरी निर्णय लिँदा मूल समितिले आवश्यक ठानेमा सम्बन्धित समितिहरुसँग थप जानकारी लिन सक्नेछ ।

६. राष्ट्रिय तथा क्षेत्रीय पुरस्कारका लागि सार्वजनिक सूचना आव्हान गर्दा मन्त्रालयमा निवेदन पेश नगरेका तर सम्बन्धित क्षेत्रमा महत्वपूर्ण, विशिष्ट र अतुलनिय योगदान दिएका प्रतिभाहरुलाई प्रतिभा मूल समितिले **अनुसूची ३** बमोजिमको फाराममा उल्लेखित मापदण्डहरुको आधारमा राष्ट्रिय एवं क्षेत्रीय प्रतिभा पुरस्कार दिने निर्णय गर्न सक्नेछ । तर यसरी निवेदन पेश नगरेका प्रतिभाहरुलाई पुरस्कार दिने निर्णय गर्दा सम्बन्धित विधाको समितिलाई समेत आमन्त्रण गर्नुपर्नेछ । यस्तो पुरस्कार जम्मा पुरस्कारको २५ (पच्चिस) प्रतिशत भन्दा बढी हुने छैन साथै पुरस्कार दिने पर्याप्त आधार र कारण खुलाउनु पर्नेछ ।

७. मूल्याङ्कन विधि समिति तथा मूल समितिले आफै तयार गर्नेछ ।

३. राष्ट्रिय/क्षेत्रीय प्रतिभा पुरस्कारको मूल्यांकनको लागि निम्नानुसारका समितिहरु संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट मनोनयन गरिनेछ ।

१. **संस्कृति तथा भाषा र साहित्य विधा मूल्यांकन समिति :**

| | | |
|---|---|---|
| क) | नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति | संयोजक |
| ख) | सम्बन्धित मूल विधाका २ जना विज्ञ | सदस्य |
| ग) | संस्कृति महाशाखा प्रमुख, संस्कृति, पर्यटन तथा ना.उ. मन्त्रालय | सदस्य-सचिव |

२. **संङ्गीत तथा नाट्य विधा मूल्यांकन समिति :**

क) नेपाल संङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कूलपति संयोजक
ख) सम्बन्धित मूल विधाका २ जना विज्ञ सदस्य
ग) संस्कृति महाशाखा प्रमुख, संस्कृति, पर्यटन तथा ना.उ. मन्त्रालय सदस्य-सचिव

३. **ललितकला विधा मूल्यांकन समिति :**

क) नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कूलपति संयोजक
ख) सम्बन्धित मूल विधाका २ जना विज्ञ सदस्य
ग) संस्कृति महाशाखा प्रमुख, संस्कृति, पर्यटन तथा ना.उ. मन्त्रालय सदस्य-सचिव

**नोट : विज्ञ भन्नाले सम्बन्धित विधामा कम्तीमा १५ वर्ष योगदान पुऱ्याएको व्यक्ति संझनु पर्नेछ ।**

४. **मूल समितिको गठन :**

क) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय संयोजक
ख) संस्कृति, नाट्य संङ्गीत, ललितकला तथा भाषा र साहित्य विधामा गठित समितिका संयोजकहरु ३ जना सदस्य
ग) सहसचिव, संस्कृति, पर्यटन तथा ना.उ. मन्त्रालयको संस्कृति महाशाखा सदस्य-सचिव

५. सम्बन्धित मूल विधा अर्न्तगत गठित प्रतिभा छनौट समितिहरुले अनुसूची २ बमोजिमको फाराममा उल्लेखित मापदण्डहरुको आधारमा मूल समितिले राष्ट्रिय एंव क्षेत्रीय प्रतिभा पुरस्कार प्राप्त गर्ने प्रतिभाहरुको अन्तिम निर्णय गर्नेछ ।

**नोट : विज्ञ भन्नाले सम्बन्धित विधामा कम्तीमा १५ वर्ष योगदान पुऱ्याएको व्यक्ति संझनु पर्नेछ ।**

४. मन्त्रालयले पुरस्कार राशीका अतिरिक्त पुरस्कारसँग सम्बन्धित अन्य आवश्यक खर्चका लागि स्वीकृत बजेटबाट आवश्यकता अनुसार खर्च गर्नेछ ।

# अनुसूचि - १

## १. संस्कृति :

### १. संस्कृति :

बहुभाषिक, बहुसांस्कृतिक, धर्म निरपेक्ष संस्कृति भएको यस मुलुकको कुनै पनि जातजातिका संस्कृतिमा नयाँ नयाँ पक्षहरु, यसको संगमस्थल, भौगोलिक र वातावरणीय कारणहरु नयाँ आयाम ज्ञानको वृद्धि, पुरानोमा सर्वमान्य नयाँ ढंगको प्रस्तुतिकरण, नेपाल र नेपाली संस्कृतिलाई स्वदेश वा विदेशमा प्रचार प्रसार गरी राष्ट्रको हित गरेको, धर्म संस्कृतिको संरक्षणमा योगदान पुऱ्याउँदै आएको, मूर्त वा अमूर्त संस्कृति र धरोहरहरुको संरक्षणमा मौलिक प्रविधि वा सिद्धान्त खोजी गरी नेपाल वा विश्व समक्ष प्रस्तुत गरेको वा गर्न प्रयासरत वा अनुसन्धान, संरक्षण र प्रकाशनको प्रचार प्रसार गर्ने व्यक्ति ।

### २. पुरातत्व :

पुरातत्वको क्षेत्रमा खोज, अनुसन्धान, अन्वेषण गरी नयाँ नयाँ योगदान दिने, सम्पदा र प्रमाणहरुको संरक्षण तथा सम्बर्द्धन गर्ने, तिनीहरुको व्याख्या गर्ने, पुरातात्विक स्थलहरु पत्ता लगाउने र त्यसलाई देश तथा विदेशमा प्रचार प्रसार गरी राष्ट्रको श्रीवृद्धिमा लागेका देशमा पुरातात्विक स्थलहरुको विस्तृत विवरण दिन खोज्ने वा सो कार्यमा महत्वपूर्ण योगदान दिँदै भावी सन्ततिलाई बाटो पहिल्याई दिने व्यक्ति वा संस्था ।

### ३. इतिहास :

इतिहासमा महत्वपूर्ण योगदान दिने व्यक्तित्वहरु जसले अप्रकाशित अभिलेख, दस्तावेज आदिमा प्रकाशन गर्ने र सो आधारमा नेपालको इतिहाँसमा नया नयाँ आयामहरुको बारे जानकारी गराउने, पत्ता लगाउने, प्रकाशित गर्ने र प्रकाशित अभिलेख एवं दस्तावेजहरुको सम्बन्धित क्षेत्रका विद्वाहरुलाई चित्त बुझ्दो मान्य व्याख्या प्रस्तुत गर्ने र सो सम्बन्धमा महत्वपूर्ण योगदान दिने व्यक्ति वा संस्था ।

### ४. समाजशास्त्र/मानवशास्त्र :

समाजशास्त्र र मानवशास्त्रका क्षेत्रमा महत्वपूर्ण योगदान दिने व्यक्तित्वहरु जसले नेपाली समाजमा नयाँ नयाँ आयामहरुको बारे जानकारी गराउने, पत्ता लगाउने, प्रकाशित गर्ने र प्रकाशित अभिलेख एवं दस्तावेजहरुको सम्बन्धित क्षेत्रका विद्वाहरुलाई चित्त बुझ्दो मान्य व्याख्या प्रस्तुत गर्ने र सो सम्बन्धमा महत्वपूर्ण योगदान दिने व्यक्ति वा संस्था ।

**२. नाट्य र सङ्गीत :**

नाटक, हास्यव्यङ्ग्य, मूकनाटक, गायन, वाद्यवादन, अभिनय आदि विधामा उत्कृष्टता हासिल गरेका अभिनेता, अभिनेत्री, रङ्गकर्मी, नाटक निर्देशन गर्ने (महिला वा पुरुष) गायक, गायिका सङ्गीत सृजना गर्ने सङ्गीतकार, वाद्यवादक एवं नृत्य निर्देशक एवं कोरियोग्राफर आदि । सङ्गीत शब्दले शास्त्रीय, परम्परागत, लोक र आधुनिक सङ्गीत, गायन, वादन र नृत्यलाई समेट्नेछ ।

**३. ललितकला :**

**१) मूर्तिकला :** यस विधामा अनवरत, उत्कृष्ट एवं सह्रानीय कार्य गरी राष्ट्रको गौरव बढाउने गरी जुनसुकै माध्यम (धातु, काठ, प्लाष्टर अफ पेरिस, माटो, सिमन्ट आदि) मा कार्य गर्ने प्रतिभा सम्पन्न मूर्तिकार ।

**२) चित्रकला** : यस विधामा आधुनिक अथवा परम्परागत जुनसुकै शैलीमा अनवरत कार्य गरी राष्ट्रको गौरव बढाउने जुनसुकै माध्यम (तेलरंग, पानीरंग, चारकोल आदि) मा कार्य गर्ने प्रतिभा सम्पन्न चित्रकार ।

**३) वास्तुकला, हस्तकला, शिल्पकला, लोककला :** यस विधामा धातु ढुंगा, काँच, माटो, काठ, कपडा, कागज, छ्वाली, हाड अथवा कलाकर्मीले स्वयं खोज गरी हातबाट तयार गरिने हस्तकलाका सामाग्री आकर्षक एवं अद्बितिय ढंगबाट निर्माण गर्ने प्रतिभा सम्पन्न कलाकर्मी र नेपालको ऐतिहासिक वास्तुकलाको संरक्षण र प्रवर्द्धनमा साधनारत वास्तुकलाको क्षेत्रमा ख्यातिप्राप्त प्रतिभाहरु ।

**४) प्रतिस्थापन कला :** ललितकलाको क्षेत्रमा नयाँ नयाँ विकास र प्रस्तुति गर्ने प्रतिभा ।

५) अन्य सृजनात्मक कला ।

**४. भाषा र साहित्य :**

१) काव्य : कविता, महाकाव्य, खण्डकाव्य, फुटकर कविता आदि ।
२) आख्यान : कथा, उपन्यास ।
३) निबन्ध : आत्मपरक, वस्तुपरक, नियात्रा, संस्मरण, हास्यव्यङ्ग आदि ।
४) नाटक : पूर्णाङ्की, एकाङ्की, सडक नाटक आदि ।
५) समालोचना : दर्शन तथा सामाजिक शास्त्र आदि ।

उल्लेखित विधाहरु मध्ये कुनैपनि विधामा अनवरत समर्पित एवं साधनारत रही सृजनात्मक मौलिकता स्थापित गरेका र त्यस्ता मौलिक प्रभावपूर्ण हृदयस्पर्शी रचनाहरुको माध्यमद्वारा स्वदेश वा विदेशमा साहित्य प्रणयी समाज, चेतनशील बौद्धिक समुदायमा उल्लेख्य प्रतिष्ठा प्राप्त गरेका विशिष्ट प्रतिभाशाली स्रष्टाहरु एवं प्रतिभाहरु ।

# अनुसूची–३

१. आवेदकको नाम, थर :.........................................
उमेर :............................
स्थायी ठेगाना ...........अञ्चल...............जिल्ला..............गा.वि.स. / न.पा
सर्म्पक ठेगाना :.................. फोन / मोवाइल नं :.........................ई-मेल :....................

२. राष्ट्रिय / क्षेत्रीय पुरस्कारको मूल विधा

**राष्ट्रिय प्रतिभा पुरस्कारका** लागि (सम्बन्धित विधामा (✓) चिन्ह लगाउने)

| | | |
|---|---|---|
| क) | संस्कृति | इतिहास, संस्कृति, पुरातत्व, समाजशास्त्र / मानवशास्त्र |
| ख) | नाट्य संगीत | नाट्य, संगीत, नृत्य |
| ग) | ललितकला | चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकला, शिल्पकला |
| घ) | साहित्य | राष्ट्रभाषाहरुको काव्यकविता, आख्यान, निबन्ध, नाटक, समालोचना |

**क्षेत्रीय प्रतिभा पुरस्कारका** लागि (सम्बन्धित विधामा (✓) चिन्ह लगाउने)

| | | |
|---|---|---|
| क) | संस्कृति | इतिहास, संस्कृति, पुरातत्व, समाजशास्त्र / मानवशास्त्र<br>.......................................(विकास क्षेत्र) |
| ख) | नाट्य संगीत | नाट्य, संगीत, नृत्य<br>.......................................(विकास क्षेत्र) |
| ग) | ललितकला | चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकला, शिल्पकला<br>.......................................(विकास क्षेत्र) |
| घ) | साहित्य | राष्ट्रभाषाहरुको काव्यकविता, आख्यान, निबन्ध, नाटक, समालोचना<br>.......................................(विकास क्षेत्र) |

४. सम्बन्धित प्रतिभाले सम्बन्धित विधामा दिएको योगदान :

| क.स | विवरण | योगदान | कैफियत |
|---|---|---|---|
| १ | सम्बन्धित क्षेत्रमा निरन्तरताको अवधि | | |
| २ | सम्बन्धित क्षेत्रमा राष्ट्रका लागि पुऱ्याएको योगदान (कृति प्रकाशन, कला नाटक प्रर्दशनी, अध्ययन अनुसन्धान आदि) | | |
| ३ | यस अघि प्राप्त राष्ट्रिय / अन्तर्राष्ट्रिय पुरस्कार, सम्मान आदि | | |
| ४ | शैक्षिक उपाधी | | |
| ५ | विविध (असाधारण एवं विलक्षण प्रतिभा, विशिष्टता, व्यक्तित्व आदि) | | |

५. माथि उल्लेख मापदण्ड एवं आधार अर्न्तगत बाहेक अन्य योगदान भए सो सम्बन्धी विवरण:.............................................................................................................
.......................................................................................................................

६. पुरस्कारको लागि दाबी गरिएको कृति / प्रतिभा / सृजनाको मूल विशेषता :
.......................................................................................................................
.............................................................................................................

७. संलग्न कागजातहरु :.........................................................................

फोटो

# अनुसूची २

## राष्ट्रिय तथा क्षेत्रीय प्रतिभा पुरस्कारको लागि फारामको ढाँचा

१. आवेदकको नाम, थर :.........................................
उमेर :............................
स्थायी ठेगाना ...........अञ्चल...............जिल्ला..............गा.वि.स. ⁄ न.पा
सर्म्पक ठेगाना :.................. फोन⁄मोवाइल नं :.........................ई-मेल :....................

२. राष्ट्रिय⁄क्षेत्रीय पुरस्कारको मूल विधा
**राष्ट्रिय प्रतिभा पुरस्कारका** लागि (सम्बन्धित विधामा (✓) चिन्ह लगाउने)
क) संस्कृति — इतिहास, संस्कृति, पुरातत्व, समाजशास्त्र⁄मानवशास्त्र
ख) नाट्य संगीत — नाट्य, संगीत, नृत्य
ग) ललितकला — चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकला, शिल्पकला
घ) साहित्य — राष्ट्रभाषाहरुको काव्यकविता, आख्यान, निबन्ध, नाटक, समालोचना

**क्षेत्रीय प्रतिभा पुरस्कारका** लागि (सम्बन्धित विधामा (✓) चिन्ह लगाउने)
क) संस्कृति — इतिहास, संस्कृति, पुरातत्व, समाजशास्त्र⁄मानवशास्त्र
.......................................(विकास क्षेत्र)
ख) नाट्य संगीत — नाट्य, संगीत, नृत्य
.......................................(विकास क्षेत्र)
ग) ललितकला — चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकला, शिल्पकला
.......................................(विकास क्षेत्र)
घ) साहित्य — राष्ट्रभाषाहरुको काव्यकविता, आख्यान, निबन्ध, नाटक, समालोचना
.......................................(विकास क्षेत्र)

४. सम्बन्धित प्रतिभाले सम्बन्धित विधामा दिएको योगदान :

| क्र.स | विवरण | योगदान | कैफियत |
|---|---|---|---|
| १ | सम्बन्धित क्षेत्रमा निरन्तरताको अवधि | | |
| २ | सम्बन्धित क्षेत्रमा राष्ट्रका लागि पुऱ्याएको योगदान (कृति प्रकाशन, कला नाटक प्रर्दशनी, अध्ययन अनुसन्धान आदि) | | |
| ३ | यस अघि प्राप्त राष्ट्रिय⁄अन्तर्राष्ट्रिय पुरस्कार, सम्मान आदि | | |
| ४ | शैक्षिक उपाधी | | |
| ५ | विविध (असाधारण एवं विलक्षण प्रतिभा, विशिष्टता, व्यक्तित्व आदि) | | |

५. माथि उल्लेख मापदण्ड एवं आधार अर्न्तगत बाहेक अन्य योगदान भए सो सम्बन्धी विवरण:...............................................................................................
...............................................................................................

६. पुरस्कारको लागि दाबी गरिएको कृति⁄प्रतिभा⁄सृजनाको मूल विशेषता :
...............................................................................................

७. संलग्न कागजातहरु :.........................................................................

**नोट : अन्य केही भए छुट्टै पानामा उल्लेख गरी पेश गर्न सकिनेछ ।**